Curriculum Development Journal, Year 30, No. 44, 2022 A.D.
DOI: https://doi.org/10.3126/cdj.v30i44.55011

# 'बिहेको बाजा' कथामा कथनीयता

*शारदा खनाल**

## लेखसार

*प्रस्तुत लेखमा इन्दिरा प्रसाईद्वारा लेखिएको बिहेको बाजा कथाको समाख्यानशास्त्रीय अध्ययनअन्तर्गतको कथनीयताका आधारमा विश्लेषण गरिएको छ । कृतिमा भन्न खोजिएको कुरा, भन्न योग्य कुरा वा नभनी नहुने कुरा नै कथनीयता हो । कथनीयता पाश्चात्य समालोचना परम्परामा समाख्यानशास्त्रअन्तर्गतको समालोचना सिद्धान्त हो । प्रस्तुत लेखमा बिहेको बाजा कथामा विद्यमान कथनीयतालाई अध्ययनीय विषय बनाइएको छ । कथनीयता समाख्यानका सबै तहमा वितरित भएर आउँछ । यसले समाख्याता र सम्बोधितका बिचमा सेतुको काम गर्दछ । यस लेखमा बिहेको बाजा कथामा भएका मुख्य कार्य वा घटना र कथामा प्रयुक्त पात्रका चेतनामा अभिव्यक्त भएको कथनीयताको खोजी गरिएको छ । यसका लागि पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरी सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म र सन्दर्भपरक पठन गरी निष्कर्षमा पुगिएको छ । बिहेको बाजा कथामा पात्रका मानसिक अवस्था र पारिवारिक स्थितिलाई हेर्दा बिहे जस्तो महत्त्वपूर्ण र गम्भीर कार्य हचुवाको भरमा बाबुबाजेको सम्पत्ति र इज्जत हेरेर, कसैको कर तथा डरले गर्ने प्रचलन भए पनि दुःखसुख बाँडेरसँगै जीवन बिताउनुपर्ने जोडीको रोजाइअनुसार धेरै सुझबुझपूर्वक बुद्धि पुऱ्याएर गर्नुपर्छ भन्ने कथनीयता प्रस्तुत भएको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : *पन्चैबाजा, वाक्युद्ध, विवाह, समाख्यानशास्त्र, सम्झौता*

## विषयपरिचय

'बिहेको बाजा' कथा इन्दिरा प्रसाई (२०१४) ले लेखेकी हुन् । यो कथा सर्वप्रथम 'गरिमा' पत्रिकामा प्रकाशित भई *दोस्रो सत्ता* कथासङ्ग्रहमा सङ्गृहीत छ । *दोस्रो सत्ता* कथासङ्ग्रहमा रहेका सोह्र ओटा कथामध्ये 'बिहेको बाजा' सातौँ कथा हो । वि.सं. २०३० सालमा *प्रेरणा* पत्रिकामा 'अस्वीकृत पत्र' शीर्षक कथा प्रकाशित गरी औपचारिक रूपमा साहित्यलेखनको प्रारम्भ गरेकी प्रसाईले विभिन्न विधाका करिब डेढ दर्जन जति पुस्तक कृतिको रचना गरेकी छिन् । उनका *मन शायद उघ्रदैन* (२०५१), *बयान* (२०५५, लघु कथासङ्ग्रह) र *दोस्रो सत्ता* (२०६२) गरी तीन ओटा कथासङ्ग्रह प्रकाशित छन् । सामाजिक यथार्थको चित्रण, नारीवादी चिन्तनको प्रस्तुति, संस्कारजन्य मानवीय कमजोरीको विश्लेषण, यौनशोषणको चित्रण, समाजका बेथिति, विकृति, विसङ्गति तथा रूढिजन्य

*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा । Email: sharadak974@gmail.com

गलत मान्यताप्रति व्यङ्ग्य प्रहार गर्दै त्यसमा सुधारको दृष्टिकोण राख्नु उनका कथागत प्रवृत्ति हुन् । उनले नारीका पीडा र आक्रोश तथा तिनीहरूभित्रको विद्रोहको भावनालाई आफ्ना कथाको विषय बनाएकी छिन् (श्रेष्ठ, २०७०, पृ. २६८) । चरित्रप्रधान कथा लेख्ने र पात्रको आन्तरिक मनोजगत्को चित्रण गर्ने उनका कथामा यौनकुण्ठाबाट आक्रान्त मानिसका विविध समस्या र तिनका परिणामहरू अभिव्यक्त भएको पाइन्छ (गौतम र अधिकारी, २०६९, पृ. १५४) । प्रस्तुत लेखमा 'बिहेको बाजा' कथाको समाख्यानशास्त्रीय अध्ययन पद्धतिअन्तर्गत पर्ने कथनीयतालाई शोध्य विषय बनाई अध्ययन विश्लेषण गरिएको छ ।

समाख्यानशास्त्रीय अध्ययन पद्धतिअन्तर्गत समाख्याताको पहिचान, समाख्यानात्मक वाच्यत्व, सङ्केन्द्रण, समाख्यानात्मक काल, कथनीयता आदिका आधारमा कृतिको विश्लेषण गर्न सकिन्छ । आख्यानात्मक कृतिमा सारभूत रूपमा आएको सम्प्रेष्य विषय नै कथनीयता हो जुन स्रष्टाको विशिष्ट अनुभवसँग जोडिएको हुन्छ । समाख्यानात्मक कृतिमा भन्न खोजिएको कुरा, नभनी नहुने कुरा वा भन्न योग्य कुरा नै कथनीयता हो । कथनीयता आख्यानका सबै तहमा पाउन सकिन्छ । घटना, समाख्याता, पात्र, परिवेश, सङ्कथनलगायत समाख्यानका एकाइहरूको सम्बन्धलाई जोड दिँदै समाख्याता र सम्बोधितको बिचमा सेतुको काम गरी समाख्याताका माध्यमबाट समाख्यानमा प्रस्तुत मूल दृष्टिकोणलाई उजागर गर्ने एउटा तत्त्वका रूपमा कथनीयता रहेको हुन्छ । (बारोनी, सन् २००९, पृ. ४४८) आख्यानमा पात्रले गर्ने कार्य/घटना तथा उनीहरूको चेतना प्रस्तुत भएको हुन्छ । पात्रका यिनै कुराबाट निकालिएको सारलाई नै कथनीयता भनिन्छ ।

इन्दिरा प्रसाईका कथाको यसअघि प्रवृत्तिगत आधारमा र तिनमा प्रस्तुत अन्तर्वस्तुका आधारमा अध्ययन भएको पाइन्छ । यसबाट उनी सामाजिक यथार्थवादी कथाकार भएको निष्कर्ष प्राप्त भएको छ । उनका कथाको समाख्यानशास्त्रीय सिद्धान्तका विभिन्न पक्षको आधारमा अध्ययन गर्न सकिन्छ । कथनीयताको विश्लेषणका दृष्टिले 'बिहेको बाजा' कथा महत्त्वपूर्ण, अनुसन्धेय र विश्लेषणीय छ तापनि हालसम्म यस कथाको समाख्यानशास्त्रीय अध्ययन नभएकाले यस क्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । उक्त प्राज्ञिक रिक्तताको केही हदसम्म यस लेखले परिपूर्ति गर्ने हुँदा 'बिहेको बाजा' कथामा पात्रका चेतना र कार्यव्यापारका माध्यमबाट कथनीयताको प्रस्तुति कसरी गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा राखी त्यसको समाधान गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक दुवै प्रकारका सामग्रीको प्रयोग गरिएको छ । यसमा प्रयुक्त सबै सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । मूल वा प्राथमिक स्रोतको सामग्रीको रूपमा इन्दिरा प्रसाईँले लेखेको 'बिहेको बाजा' कथालाई लिइएको छ भने कथनीयताको सिद्धान्तसम्बन्धी सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत लेखमा कथनीयताको प्रस्तुति भएका

सन्दर्भलाई विश्लेष्य सामग्रीको रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनका लागि सघन पाठविश्लेषण विधिअनुरूप सन्दर्भपरक अध्ययनसमेत गरिएको छ । यसर्थ, प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख समाख्यानशास्त्रीय अध्ययनको सैद्धान्तिक आधार लिई सम्पन्न गरिएको छ । अङ्ग्रेजीको 'टेलेबिलिटी' शब्दको समानार्थी नेपाली शब्दलाई 'कथनीयता' भनिन्छ । यस लेखमा विवेच्य सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक आधार समाख्यानशास्त्रअन्तर्गतको कथनीयता हो । समाख्याताका माध्यमबाट प्रस्तुत गरिएको आख्यानमा कथनीयता स्पष्ट रूपले आएको हुन्छ । (रायन, सन् १९९१, पृ. १४९) कथाकारले आख्यान सिर्जना गर्नुअघि बनाएको एउटा धारणा, विचार तथा लेखकीय दृष्टिकोण नै कथनीयता हो । (लुइटेल, २०७१, पृ. २) समाख्यानशास्त्रीय विधिबाट आख्यानको विश्लेषण गर्दा समाख्यातालाई केन्द्रमा राख्ने गरिन्छ । कथनीयता समाख्याताद्वारा निर्धारण गरिएको विशिष्ट घटनाको प्रकृतिमा निर्भर रहन्छ । (लुइटेल, २०७६, पृ. १०१)

कथनीयता सङ्कथनमा नभई कथाका तहमा रहेको हुन्छ । दक्ष समाख्याताले कथाका सबैभन्दा अर्थपूर्ण सन्दर्भलाई मनोहर तरिकाले प्रस्तुत गर्दछ । यही नै कथनीयताको प्रमुख पक्ष हो । कथनीयतालाई कथामा संस्कृति, विधा, ऐतिहासिक वा सांस्कृतिक सन्दर्भ आदिले पनि प्रभाव पार्दछन् । सर्वप्रथम विलियम ल्याबोबले संवादात्मक कथामा प्रस्तुत भएका खास कुरा वा सारलाई विश्लेषण गर्ने क्रममा यस सिद्धान्तको विकास गरेका हुन् । उनीपछि समालोचक राफेल बारोनीले यसलाई अझ विस्तारित रूप दिए । आख्यानमा प्रयुक्त विशेष घटना, विषय तथा विन्दुका माध्यमबाट कथनीयता प्रस्तुत हुन्छ । (बारोनी, सन् २००९, पृ. ४४८) आख्यानकारले समग्र आख्यानलाई माध्यम बनाएर होइन त्यसमा प्रयुक्त घटना, पात्रका कार्य तथा निश्चित विन्दुका आधारमा साना साना अंशमा पनि कथनीयता प्रस्तुत गर्छ भन्ने धारणा बारोनीले राखेका छन् (खनाल, २०७७, पृ. ८८-८९) । पात्रका भोगाइ र अनुभवका आधारमा पनि कथनीयता बुझ्न सकिन्छ । आख्यानलाई कथनीय बनाउनका लागि आख्यानकारले समाख्याताका माध्यमबाट उसका संवेदना, घटना तथा असल प्रकृतिलाई प्रस्तुत गरेको हुन्छ (बारोनी, सन् २००९, पृ. ४४७) । यसैले कथनीयता आख्यानभित्र कुनै केन्द्रमा मात्र नरही आख्यानभरि छरिएर रहेको हुन्छ ।

समाख्याता वा कथावाचकले जुन कुरालाई प्राथमिकीकरण गर्न खोजेको छ, त्यसैलाई विभिन्न तरिकाले प्राथमिकतामा राख्छ । त्यही कुरा नै कथनीयताअन्तर्गत पर्छ । कथनीयता आख्यानका सहभागीको माध्यमबाट प्रस्तुत भएको हुन्छ । घटना/कार्यका माध्यमबाट कथनीयताको खोजी गर्दा पात्रका कार्य, मनोवृत्ति, लक्ष्य, कारण आदिलाई माध्यम बनाइन्छ भने चेतनाका माध्यमबाट कथनीयताको विश्लेषण गर्दा पात्रले के जाने ? के विचार गरे ? के गरेनन् ? के अनुभव गरे ?

आदि कुराको विश्लेषण गरिन्छ । (पौड्याल, २०७४, पृ. २) प्रस्तुत लेखमा कथनीयता विश्लेषणका प्रमुख आधार पात्रका कार्यव्यापार वा कार्य/घटना र पात्रको विचार वा चेतनालाई बनाइएको छ ।

## विमर्श र नतिजा

निर्धारित सामग्रीका विश्लेषण तलका उपशीर्षकहरूमा गरिएको छ ।

### कार्यका आधारमा अभिव्यक्त कथनीयता

आख्यानलाई कथनीय बनाउने क्रममा पात्रले आख्यानात्मक कृतिमा गर्ने कार्यव्यापार र ती कार्यव्यापारसँग सम्बद्ध घटनाहरूको प्रमुख भूमिका रहेको हुन्छ । आख्यानकारले पात्रका माध्यमबाट आफूले अभिव्यक्त गर्न खोजेको कुरा पाठकसमक्ष प्रस्तुत गरेको हुन्छ । यसैले आख्यानात्मक कृतिमा पात्रले गरेका कार्य र घटनाहरूको विश्लेषणबाट कथनीयता थाहा पाउन सकिन्छ । आख्यानकारले प्रस्तुत गर्ने विचार, धारणा वा सन्देश पनि पात्रकै कार्यबाट पाठकसमक्ष प्रवाहित भएको हुन्छ ।

'बिहेको बाजा' कथामा गौरीशङ्करकी छोरी अञ्जली र धनञ्जयको छोरा अतुलको बिहेमा बाजा बजेको मूल विषय छ । दुलाहाले बाजासहित जन्ती लिएर दुलहीको आँगनमा पुग्दा विवाहमा सहभागी भएका व्यक्तिले गरेका अनुभव नै यसमा प्रस्तुत घटनाहरू हुन् । कथाको मूल सन्दर्भ बाबुका जुँगाको होडले गर्दा अञ्जलीले मन पराएको अनुनयसँग बिहे गर्न नपाएर निराश बन्नु हो । बिहामा बजेका बाजाले उसलाई रमाइलो प्रदान गर्न सक्दैन । जीवनकै महत्त्वपूर्ण कार्य उमङ्गमय होओस् भनेर बिहामा बाजा बजाउने सांस्कृतिक चलन हो तर अञ्जलीको मनस्थितिमा रहेको निराशाले बाजा बजाउँदैमा बिहामा दुलहादुलहीको मनमा उल्लास छाउँदैन भन्ने कथनीयतालाई प्रस्तुत गरेको छ । यस कथनीयतालाई तलको सन्दर्भले पुष्टि गरेको छ । *पिताका अघि बाध्य भएर त्याग्नुपरेको अनुनयको स्मृतिमा अञ्जलीका आँखाबाट आँसुको भल बगिरहेको थियो* (प्रसाईं, २०६८, पृ. २०६) । अञ्जली पात्रको अवस्थालाई निम्नलिखित सन्दर्भले पनि पुष्टि गरेको छ ।

नभन्दै केही बेरमै जन्ती गौरीशङ्करको आँगनमा आइपुग्यो । नौमती बाजा, पन्चैबाजा, सैनिक बैन्ड, पुलिस बैन्ड ओहो ! बाजा पनि कति थरीका ! गौरीशङ्करको घरै उचाल्ने गरी, टोलै थर्काउने गरी बाजा घन्किरहेको थियो । मानिसहरू घरका बार्दली, पटाङ्गिनी, झ्याल अनि बरन्डा र आँगनका किनारसम्म उभिएर बिहेको बाजामा डुबिरहेका थिए । भव्य सजाइएको बैठककोठामा गहनाका भारीले थिचिएकी बेहुली अञ्जलीले पनि भर्खरै मात्र चलनअनुसार एक लर्को जन्ती हेरेकी थिई (प्रसाईँ, २०६८, पृ. २०५) ।

उल्लिखित सन्दर्भबाट मन खुसी छैन भने बाजा मात्र नभई बिहामा दुलहीको सौन्दर्य थप्न लगाइने गहना र घरको सजावटले पनि खुसी दिन सक्दैन भन्ने कथनीयताका साथै सामाजिक प्रचलन र

परम्पराअनुसार बाबुको खुसी र इज्जतका लागि नारीले आफ्नो जीवन अर्पण गर्न बाध्य छन् भन्ने कथनीयता प्राप्त भएको छ ।

नैनप्रियालाई यस्तो रमाइलो वातावरणमा पनि आफ्नो बिहाको सम्झनाले दुःखित तुल्यायो । लगभग आठ वर्षअघि मात्र उनको लोग्नेले आत्महत्या गर्‍यो । घरव्यवहार र पाँच जना छोराछोरीको जन्जालमा भासिएकी नैनप्रियालाई यस्तो बाजाको आवाजले सधैँ जसो मर्मान्त पार्ने गर्छ (प्रसाईँ, २०६८, पृ. २०६) ।

उल्लिखित सन्दर्भले बिस वर्षअघि बिहा भएको दोस्रो दिनदेखि नै लोग्नेको राक्षसी व्यवहारसँग सम्झौता गर्दै आफूले कल्पना गरेको भन्दा ठिक विपरीत कष्टपूर्ण जीवन भोग्दै आएकी नैनप्रियाले पनि बिहाका बाजाको आवाजले दुःखी तुल्याएको छ । आठ वर्षअघि त्यही लोग्नेले पनि आत्महत्या गरेपछि घरव्यवहारको बोझ र पाँच जना छोराछोरीको जिम्मेवारीले भासिएकी नैनप्रियाको अवस्थाले विवाहपश्चात्को जीवन सुखद र रमाइलो नहुन सक्छ भन्ने कथनीयता प्राप्त भएको छ ।

...विगत दुई वर्षदेखिको प्रेम प्रसङ्गमा सुलभले संरचनालाई असाध्यै माया गरेको छ । मायाका पराकाष्ठाहरूमा पुगेर पनि उनीहरू साँच्चै रमाउन चाहिँ सकेका थिएनन् । निर्धक्क मायाको स्वरूप भोग्नका लागि सामाजिक मान्यताको अनिवार्यता बुझेर नै उनीहरू बिहा गर्न गइरहेका थिए (प्रसाई, २०६८, पृ. २०७) ।

नेपाली समाजमा एकअर्कालाई अत्यन्त प्रेम गर्ने जोडीले पनि वैवाहिक सम्बन्धपूर्व निर्धक्कसँग खुलेर माया गर्न, चाहेको बेला भेट गर्न र एकअर्कालाई अपनाउन सामाजिक मूल्य र मान्यताहरू तगारो बन्ने हुँदा विवाह नै गर्नुपर्ने बाध्यता रहेको कथनीयता पनि उल्लिखित उद्धरणमा प्रस्तुत भएको छ ।

त्यसबेला उनी पनि बालखै थिए । चाउरी परेको अनुहार र सेताम्मे कपाल भएकी काइँली आमाले आफ्ना दिवङ्गत पतिलाई सम्झन पुगिन् । साँच्चै त्यस्तो पनि बिहा हुन्थ्यो, पन्चैबाजा आँगनमा आइपुग्दा पनि कसको बिहा होला भनेर बाजा हेर्न आँगनमा म पुगेकी थिएँ । त्यति नै बेला ठुल्दाजुले बोकेर माथ्लो कोठामा पुर्‍याउनुभएको थियो । मेरै बिहा पो रहेछ (प्रसाई, २०६८, पृ. २०७) ।

करिब आधा शताब्दीअघिको नेपाली समाजमा बिहा कसरी गरिन्थ्यो र कस्तो हुन्थ्यो भन्ने कुरा उल्लिखित सन्दर्भबाट प्रस्तुत भएको छ । विवाह गर्ने उमेर, तरिका आदिमा आएको फरकपन नै यस सन्दर्भको कथनीयता हो ।

क्यान्सरका कारण उमेरै नपुगी श्रीमती सुरभिले छोडेर गएपछि कहालीलाग्दो एकल जीवन बिताउन विवश सेमन्तप्रसादको घटनाबाट विवाहपश्चात् एक परिवार भएर रमाएर बस्ने जोडी पनि रोगव्याधि वा अन्य कारणले पति वा पत्नीवियोग सहेर बाँच्नुपर्ने अवस्था आउन सक्ने कथनीयता प्राप्त भएको

छ । कुखुरे बैंसमा अरून्धतीको रूप मात्र हेरेर बिहे गरी अहिले पश्चातापमा रूमलिएको आकार पात्रको सन्दर्भबाट अल्लारे उमेरमा गरिएको प्रेम क्षणिक हुन सक्ने साथ पहिला अत्यन्त प्रेमासक्त जोडी पनि आपसी समझदारिता र व्यावहारिक सुझबुझको कमीले छुट्टिने अवस्थामा पुग्न सक्ने कथनीयता प्राप्त भएको छ ।

...दाजुले आफैले छानेकी केटी बिहा गरेपछि घरमा भएको दिनरातको रडाको देखी वाक्क भएर सन्तुलनले चाहिँ आफूले केटी खोजेर बिहे नगर्ने निर्णय गरेको थियो तर बिहापछि एक महिना पनि राम्ररी बितेको थिएन, आमा र सुप्रभाबिच क्रमशः वाक्युद्ध सुरू भएको थियो । सन्तुलनले विधवा आमा वा पत्नी रोज्नुपर्ने समेत परिस्थिति आइपुग्यो ।

...दुई छोराहरू जन्माइसकेपछि सन्तुलनकै सहकर्मीसँग दोस्रो बिहा गरेर सुप्रभाले सन्तुलनलाई असन्तुलित तुल्याएकी थिई । त्यसपछि उसले पनि रश्मिलाई दियोकलश पुजेर भित्र्याएको थियो तर अहिले पनि रश्मिका आँखामा बेलाबखत देखा पर्ने ऊप्रतिको प्रश्नात्मक भावपरिवेशका कारण सन्तुलन पीडाले रन्थनिने गर्छ (प्रसाई, २०६८, पृ. २०८) ।

सन्तुलनको दाजुले आफैँ केटी रोजेर बिहे गरेपछि उसको घरमा दिनरात सासुबुहारीको वाक्युद्धले रडाको मच्चिएको छ । अभिभावकको इच्छाबिना बिहा गर्दा घरमा रडाको मच्चिने सोचाइले सन्तुलनले आमाले रोजेकी केटी बिहे गरेको छ तर एक महिना पनि राम्रोसँग नबित्दै उसकी श्रीमती सुप्रभा र आमाबिच वाक्युद्ध चलेको घटनाले अभिभावकले रोजिदिएको जीवनसाथी हुँदैमा घर राम्ररी चल्छ भन्ने अवस्था नहुने कथनीयता प्रस्तुत गरेको छ । विधवा आमा र श्रीमतीमध्ये एउटी रोज्नुपर्ने अप्ठ्यारो स्थिति आएपछि सन्तुलन आमाकै निर्देशनमा श्रीमती रोजेर अलग बसेको छ तैपनि सुप्रभाको चित्त बुझेको छैन । सुप्रभा दुई छोरासमेत छोडेर सन्तुलनकै सहकर्मीसँग हिँडेपछि उसले रश्मिसँग दियोकलश पुजेर दोस्रो बिहे गऱ्यो तर पनि जीवनमा खोजे जस्तो खुसी भने पाएको छैन । यस सन्दर्भबाट दोस्रो बिहा गर्दैमा पनि कसैको जीवन सोचे जस्तो नहुन सक्छ भन्ने कथनीयता प्राप्त भएको छ ।

उल्लिखित घटना र सन्दर्भले 'बिहेको बाजा' कथाबाट सँगसँगै जीवन बिताउनुपर्ने केटा र केटीको रोजाइमा बिहा हुनुपर्ने कथनीयता प्राप्त भएको छ । हालसम्म पनि नेपाली सामाजिक मूल्य, मान्यता र चलनमा केटाकेटीको खुसीभन्दा अभिभावकले आफ्नो आर्थिक अवस्था र सोचाइअनुरूप केटो वा केटी खोजेर बिहा गरिदिने परिपाटी रहेका कारण बिहा हुँदैमा सबै जोडीको दाम्पत्य जीवन सुखद र रमाइलो नहुने कथनीयता प्रस्तुत भएको छ साथै कसैले आफैँ जीवनसाथी रोज्दैमा र वर्तमानमा राम्रो प्रेमिल जोडीको बिहा हुँदैमा भविष्यसम्म त्यही सम्बन्ध कायम रही सम्बन्ध अघि बढिरहन्छ भन्न पनि नसकिने कथनीयता पनि कथामा प्रस्तुत भएको छ । बिहामा बजेका बाजाले त्यसमा सहभागी पात्रले आफ्नो दाम्पत्य जीवन सम्झेको घटनासन्दर्भ ल्याउनुमा साथ, सुख र खुसीको खोजीमा गरिने

विवाहले कसैको जीवनमा पनि सुख र खुसी प्रदान गर्न सक्दैन साथै वैवाहिक जीवनमा सबैको कतै न कतै विसङ्गति रहेको हुन्छ भन्ने कथनीयतालाई प्रस्तुत गर्नु नै देखिन्छ ।

## पात्रको चेतनाका आधारमा अभिव्यक्त कथनीयता

समाख्यानमा प्रयुक्त पात्रका चेतनाका माध्यमबाट पनि आख्यानकारले पाठक वा श्रोतासमक्ष कथनीयता प्रस्तुत गरेको हुन्छ । पात्रका चेतना, तिनका जीवन भोगाइ, तिनले जानेका, बुझेका, मनन गरेका कुरा, नजानेका कुरा आदिलाई माध्यम बनाएर पनि कथनीयता प्राप्त गर्न सकिन्छ (खनाल, २०७७, पृ. ९३) । पात्रका चेतनाका तहमा रहेका सामान्य र विशिष्ट कुराको प्रस्तुतिबाट पनि कथनीयता अभिव्यक्त भएको हुन्छ । बिहेको बाजा कथामा अञ्जली, नैनप्रिया, सेमन्तप्रसाद, आकार, काँइली आमा, सन्तुलन पात्रका भोगाइ र तिनका चेतनाका माध्यमबाट कथनीयता अभिव्यक्त भएको छ जसलाई निम्नलिखित उद्धरणले पुष्टि गरेका छन् :

पिताले मेरो रूचि मात्र बुझिदिएका भए आज यही बाजामा म कति रमाउने थिएँ हो । अतुलको सम्पत्ति र मेरा पिताको सम्पत्तिले मेल खाए पनि आगामी मेरो जीवनले मैले चाहेको अनुनयको पर्यायका रूपमा अतुललाई कतिसम्म स्वीकार गर्ने हो (प्रसाई, २०६८, पृ. २०६) ।

आफूले मनैदेखि चाहेको अनुनयसँग बिहा गर्न उसका बाबुले स्वीकृति नदिएपछि दबाबमा परेर भारी मनसहित अतुलसँग उसको बिहा भइरहेको छ । यो बिहामा अञ्जली र अतुलका बाबुको सम्पत्तिको स्तरले मेल खाए पनि प्रेमी अनुनयको पर्यायको रूपमा पति अतुल कहिल्यै पुग्न नसक्ने उसको ठम्याइ रहेको छ । यस सन्दर्भबाट जीवनसाथी बनाउन भनेर आफैँले रोजेको व्यक्तिको तुलनामा अभिभावकले जबरजस्ती बिहा गराइदिएको व्यक्तिको स्थान सदैव कमजोर देख्ने व्यक्ति मनोविज्ञान हुन्छ भन्ने कथनीयता प्रस्तुत भएको छ । जीवनसाथी रोज्ने स्वतन्त्रता हरेक व्यक्तिमा रहे पनि नेपाली समाजमा अभिभावकको इज्जतका लागि विशेष गरी छोरी (नारी) ले इच्छाको बलिदान दिनुपर्ने, जतिसुकै सम्पन्न घरका छोरीले पनि आफूले चाहे जस्तो जीवनसाथी रोज्न नपाउने अवस्था रहेको र अहिले विकास र सूचनामा विकसित भइसकेको समाजमा बसेर पनि अभिभावकको इच्छाका सामु निरीह बनेर विद्रोहहीन हुनुपर्ने अवस्था रहेको कथनीयतालाई यस प्रसङ्गले अभिव्यक्त गरेको छ । बाबुले उसको रूचि बुझिदिएर यही मण्डपमा आफूले रोजेको अनुनयसँग दाम्पत्य जीवनमा बाँधिन पाएको भए आफू धेरै खुसी हुन सक्ने विचार व्यक्त गर्दै मनमा पीडा बोकेर आँसुका भल बगाउँदै गर्नुपरेको बिहेको बाजाको धुन पनि कर्कश लागिरहेको कथनीयता यहाँ प्रस्तुत भएको छ ।

साँच्चै त्यस दिन कति रमाइलो, कस्तो उमङ्ग, मिठा सपना र मनभरि काउकुतीहरू मात्रै थिए तर भोलिपल्टैदेखि नैनप्रियाले लोग्नेको राक्षसी व्यवहारसँग सम्झौता गर्नुपरेको थियो (प्रसाई, २०६८, पृ. २०६) ।

यौवनले ढकमक्क भएका युवायुवतीको मनमा वैवाहिक जीवन रमाइलो, हर्ष, उमङ्गपूर्ण हुन्छ भन्ने स्वप्निल भाव रहने, युवतीहरूको मनले चाहे जस्तो पति पाएपछि तिनीहरूमा भावी जीवनका मिठा मिठा सपना, नयाँ अनुभूतिका सुखद क्षण र काउकुतीहरूसमेत रहने भए पनि बिहा गर्ने पात्रका खराब बानी व्यवहारले वैवाहिक जीवन नरकतुल्य बन्न पुग्छ । एक पटक बिहा भइसकेपछि त्यस अवस्थामा पनि नेपाली समाजका महिलाहरू त्यही जीवनलाई स्वीकार्न बाध्य छन् र विद्रोह गर्न नसकी सम्झौता गर्न बाध्य छन् भन्ने कथनीयता उल्लिखित सन्दर्भबाट प्राप्त भएको छ ।

> ...उनले सुरभिलाई बिहा गरेर ल्याएको रात सम्झेपछि सुरभिसँगको चरम आनन्दका क्षणहरू पनि उनको स्मृतिभरि ताजा हुन खोजे क्यान्सरले आक्रमण गरेपछि यो प्रौढावस्थामा सेमन्त अपाङ्गसरह भएका थिए । बाजाको आवाजसँगै उनी पत्नी वियोगमा छटपटाइरहेका थिए । (पृ. २०६)

बिहाको बाजा सुन्नासाथ आफूले सुरभिसँग बिहे गरेको क्षण, उनीसँग बिताएका सुमधुर दिनको याद र उनीसँगको विछोडको पीडाले प्रौढावस्थामा एक्लो अपाङ्ग जस्तो भएर बस्नुपर्दाको अवस्थाले कुनै व्यक्तिको मनमा वैराग्य उत्पन्न हुन सक्छ । बिहापछि हाँसीखुसी जीवन बिताइरहेका जोडीमध्ये एकको मृत्युले अर्को व्यक्तिको जीवन अपाङ्गसरह बन्न पुग्छ । उमेर छँदै बिछोड भएका जोडीको पनि दोस्रो बिहा नभई पति वा पत्नी वियोग सहेर बाँच्न धेरै मानिस विवश हुन्छन् भन्ने कथनीयता यस सन्दर्भमा प्रस्तुत भएको देखिन्छ ।

> मैले व्यर्थै हतारिएर उसलाई भगाएछु । त्यस बेला अरून्धतीको रूप र बैंसको अधिल्तिर मैले सारा संसार व्यर्थ देखेँ । साँच्चै यसरी बाजा बजाएर एउटी अपरिचित युवतीसँग बिहा गरेपछिको समय कति रोमाञ्चक हुँदो हो !
>
> ...कुखुरे बैंसमा गरेको निर्णय जीवनपर्यन्त भोग्न कठिन हुँदोरहेछ । अहिले विचार गर्छु, मैले के भनेर अरून्धतीलाई रूचाएँ, ऊ भनेपछि हुरूक्क भएछु । मेरो र अरून्धतीको मेल खाने कुनै एउटा विन्दुसम्म पनि फेला पार्न सकिरहेको छैन म । (प्रसाई, २०६८, पृ. २०७)

अतुल र अञ्जलीको बिहा आकार पात्रलाई रोमाञ्चक लागेको छ । अपरिचित केटीसित अभिभावकको सहमतिमा बाजा घन्काएर बिहा गर्दाको रमाइलो बाजा र जन्तीबिना, केटा र केटी मात्र सुटुक्क भाग्दाको क्षणले नदिने आकार पात्रको विचार छ तर अञ्जलीलाई त्यही क्षण पनि रमाइलो लागेको छैन । आकारको चेतनाले बिहाको रमझम र अपरिचित केटीसितको सहवासको रोमाञ्चकता जस्तो सामान्य कुरालाई प्राथमिकता दिएको छ भने अञ्जलीको चेतनाले रोजेको जीवनसाथी नभई अपरिचित केटासितको सान्निध्यबाट पैदा हुन सक्ने विशिष्ट समस्यालाई केन्द्रमा राखेको छ । यस

कथ्य सन्दर्भले पात्रको सोचाइ र परिस्थितिअनुसार एउटै घटना र विषय कसैलाई रमाइलो र कसैलाई नरमाइलो, कसैलाई उपयुक्त कसैलाई अनुपयुक्त लाग्छ भन्ने कथनीयता प्रस्तुत भएको छ ।

> मैतालु पठाएर घर पुग्दा त राक्षस्नी जस्तै सासू, चण्डाल्नी जस्ता आमाजूहरू । ओहो : कस्तो सासना भोगियो । लोग्नेको मुख त राम्ररी चिनेको पनि काइँलो छोराको पालामा मात्रै । त्यही पनि घर खान सकिन भनेर सौता पनि हाल्दिए । खोइ, हाम्रो पालामा बिहा पनि कस्तो कस्तो ! आजकलका बेहुलाबेहुली देख्दा अचम्म लाग्छ । लाजसरम पटक्कै छैन (प्रसाई, २०६८, पृ. २०७) ।

उल्लिखित सन्दर्भमा काइँली आमा पात्रलाई उमेर पुगेर बिहा गरेका केटाकेटीका प्रेममय क्रियाकलाप निर्लज्ज लागेको छ । करिब आधा शताब्दीपूर्व नेपाली समाजमा पतिपत्नीबिचको प्रेम एकान्तको विषय हुन्थ्यो । त्यस समयमा बिहा गरेका मानिसलाई अहिलेको खुला समाजमा केटाकेटीले गर्ने प्रेमिल क्रियाकलाप अश्लील लाग्नु स्वाभाविक हो । त्यस समय पितृसत्ताको चरम दबदबा भएकाले पतिगृहमा बुहारीले जतिसुकै अन्याय पनि चुप लागेर सहनुको विकल्प थिएन साथै पतिपत्नीको प्रेम पनि लुकाउनुपर्ने विषय थियो । अहिलेको केही स्वतन्त्र र उदार समाजमा ती पात्रलाई 'हाम्रो पालामा बिहा पनि कस्तो कस्तो !' अर्थात् 'पतिपत्नीको सम्बन्ध पनि औपचारिक मात्र' लागेको कथ्य सन्दर्भबाट विवाह भइसकेपछि नारीले पतिसितको औपचारिक सम्बन्धलाई अघि बढाउँदै भोगेको बुहार्तन पनि स्वाभाविक जस्तो लाग्छ । अहिलेका बेहुलाबेहुलीमा लाजसरम नभएको भन्ने काइँली आमा पात्रको प्रसङ्गले बुढाबुढी भएका मानिसले नारी स्वतन्त्रतालाई बुझ्न नसकेको कथनीयतालाई प्रस्तुत गरेको छ ।

> साँच्चै मैले सुप्रभालाई के कुरामा कमी गरेको थिएँ र ! अहिले उसले बिहा गरेको मान्छे कुनै कुरामा पनि मभन्दा योग्य भएजस्तो मलाई लाग्दैन । यो बिहाको बाजा सुनिरहँदा सन्तुलनलाई सुप्रभासँग बिताएका मधुर दिनहरू र सुप्रभाले दिएको धोका एकैचोटि सम्झना भएर आयो (प्रसाई, २०६८, पृ. २०८) ।

बिहाअघि चिनजानै नभएकी र आमाले रोजेकी केटी बिहा गरेको भए पनि सन्तुलनले श्रीमती सुप्रभालाई आफ्नो बुताले भ्याएसम्म कुनै कमी नगराई विधवा आमा र श्रीमतीमध्ये एउटी रोज्नुपर्ने अवस्थामा समेत पत्नीकै खुसीका लागि आमाकै सल्लाहबमोजिम श्रीमती रोजेर बसेको सन्तुलनलाई छोडेर दुई छोराकी आमा सुप्रभाले पतिकै सहकर्मीसँग दोस्रो बिहा गरेर सन्तुलन खिन्न भएको सन्दर्भमा सुप्रभाको दोस्रो पति आफूभन्दा कुनै कुरामा पनि योग्य नभएको निष्कर्ष सन्तुलनले निकालेको छ । बिहाको बाजाले उसलाई सुप्रभासँग बिताएका सुमधुर प्रेमिल दिनहरू र उसबाट पाएको अकल्पित धोकाको नमिठो र तितो अनुभूतिको एकसाथ स्मरण भएको कथ्यसन्दर्भबाट वैवाहिक सम्बन्ध टुङ्गिनुमा पुरुषको मात्र हात हुन्छ, पुरुषको अत्याचारका कारण नारीदमन हुँदा मात्र परिवार विघटन हुन्छ

भन्ने नभएको र पतिले पर्याप्त स्नेह दिँदादिँदै पनि कसैको घरबार विघटन हुन सक्ने अवस्थाको कथनीयता प्रस्तुत भएको पाइन्छ ।

उल्लिखित साक्ष्यमा प्रस्तुत पात्रको चेतनाबाट निसृत कथनीयतालाई हेर्दा 'बिहेको बाजा' कथामा रहेका सहभागीले समान घटना र परिस्थितिमा पनि फरक फरक अनुभूति गर्न पुग्छन् भन्ने कुरा प्राप्त भएको छ । छोरीले आफ्नो प्रेमी हुँदाहुँदै अभिभावकले खोजेको केटासित बिहा गरेर इज्जत राख्नुपरेकाले विद्रोह गर्न नसक्ने अवस्था आउने, एक पटक बिहा भइसकेपछि पतिगृहमा जेजस्तो अवस्थालाई पनि सहेर बसिरहँदा त्यही नै ठिक हो भन्ने सोचाइ व्यक्तिमा परिसक्ने, पतिपत्नीबीच सम्बन्ध राम्रै रहे पनि दुईमध्ये एकको मृत्यु हुनाले जीवनसाथीको सम्झना मात्र गरेर जीवन बिताउनुपर्ने अवस्था आउने, कलिलो बैँसमै आफैँले मन पराएर बिहा गरेर पनि समय बित्दै जाँदा पति वा पत्नीका व्यवहार खोजे जस्ता नहुँदा मागी बिहा नै ठिक हुन्छ भन्ने चेतना विकसित हुने, अभिभावकले खोजिदिएकी केटीसित बिहा गरेर प्रारम्भमा सुखी जीवन बिताए पनि समयक्रममा एकअर्काप्रति असन्तुष्टि बढ्दै गई पति वा पत्नीबाट अकल्पनीय धोका पाउँदा बरू प्रेम बिहा नै ठिक हुने थियो भन्ने चेतना विकसित हुने हुँदा परिस्थितिका कारण वैवाहिक जीवनमा सौहार्दता र सुख प्राप्त हुन नसक्ने कथनीयता व्यक्त भएको छ ।

## निष्कर्ष

इन्दिरा प्रसाईको 'बिहेको बाजा' कथामा अञ्जली, नैनप्रिया, संरचना, आकार, काँइली आमा, सन्तुलन जस्ता पात्रका जीवनका विवाहसम्बन्धी घटना र त्यसको आधारमा उनीहरूमा विकसित चेतनाका माध्यमबाट कथनीयता प्रस्तुत भएको छ । प्रस्तुत कथामा विवाहको सामाजिक र परम्परावादी प्रचलन रहे पनि त्यसले सौहार्दता र सुख प्रदान गर्न नसकेको अवस्थालाई कथ्य विषय बनाएको छ । यसका माध्यमबाट बिहा जस्तो संवेदनशील कुरा धेरै बुद्धि पुऱ्याएर गर्दा मात्र राम्रो हुन्छ भन्ने कथनीयता कथामा प्रयुक्त पात्रहरूका मानसिक र पारिवारिक अवस्थाबाट बुझ्न सकिन्छ । कसैले अभिभावकका करकापमा परेर बिहा गर्नु परेकाले जीवन सुखपूर्ण हुन नसक्ने, कसैले प्रेम विवाह गरे पनि समयक्रममा जीवनसाथीप्रति आउने असन्तुष्टिले जीवन सुखद हुन नसक्ने, कसैको बिरामीका कारण जीवनसाथीको मृत्यु हुनाले जीवनमा सुख नहुने, कसैको पतिको अत्याचारपूर्ण व्यवहारका कारण जीवन सुखद नहुने, कसैको मागी विवाह भए पनि श्रीमती असल नहुनाले जीवनमा सुख नहुने, कसैको बालकैमा बिहा भएर बुहार्तन सहँदासहँदै जीवन बिताउनुपरेकाले सुख नहुने आदि घटनासन्दर्भबाट विवाह गरेपछि मानिसले सन्तुष्ट र सुखी भई जीवन बिताउन पाउँछ भन्न सकिँदैन भन्ने कथनीयता प्रस्तुत भएको छ । उल्लिखित घटनासन्दर्भबाट निर्मित चेतनालाई हेर्दा अभिभावकको इज्जतका लागि छोरीले विद्रोह गर्न हुँदैन; परिस्थिति स्विकार्दै जानुपर्छ भन्ने, पतिगृहको बुहार्तन र पतिसितको प्रेमिल वातावरणको अभावमा जीवन बिताएकालाई अहिलेका युवायुवतीका प्रेमिल क्रियाकलाप अश्लील हुन् भन्ने परेको, मागी बिहा गरेकालाई जीवनसाथीका व्यवहार बुझ्दै गएपछि

बरू प्रेम विवाह पो ठिक हुने रहेछ भन्ने लाग्ने अनि प्रेम विवाह गरेकालाई समयक्रममा मागी विवाह पो ठिक हुने रहेछ भन्ने लाग्ने हुँदा कसैले पनि वैवाहिक जीवनबाट सन्तुष्ट भई सुखी जीवन बिताउन सक्दैनन् भन्ने कथनीयता प्रस्तुत भएको छ ।

## सन्दर्भ सूची


खनाल, शारदा (२०७७). 'सहिद कथामा कथनीयता'. *पृथ्वीवाङ्मय.* वर्ष २०, पूर्णाङ्क १३, पृ. ८६-९७ ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, नरेन्द्रप्रसाद (२०७४). "भवानी भिक्षुका कथामा कथनीयता". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, ।

प्रभात, विष्णु (सम्पा.) (२०७०). *साहित्यकार कलाकार परिचय कोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रसाई इन्दिरा, (२०६८). बिहेको बाजा *आधुनिक नेपाली कथा.* (सम्पा.). देवीप्रसाद गौतम र कृष्णप्रसाद घिमिरे, साझा प्रकाशन. ललितपुर. पृ. २०२-२०८ ।

बारोनी, राफेल (सन् २००९). 'टेलेबिलिटी'. *ह्यान्ड बुक अफ न्यारेटोलोजी* (सम्पा.). पिटर ह्युन र अन्य. बाल्टर डे ग्रिउटर. न्युयोर्क एन्ड लन्डन पृ. ४४८-४५४ ।

रायन, मेरी लाउर (सन् १९९१). *पोसिबल वर्ड्स, आर्टिफिसयल इन्टिलिजेन्स एन्ड न्यारेटिभ थिअरी.* इन्डियाना युनिभर्सिटी. ब्लुनिङ्टन एन्ड इन्डियाना पोलिस प्रेस ।

लुइटेल, गोविन्दप्रसाद (२०७६). 'पारिजातका कथामा कथनीयता'. *प्रज्ञा.* अङ्क १, पूर्णाङ्क ११९, पृ. १०१-१०८ ।

लुइटेल, गोविन्दप्रसाद (२०७१). "पारिजातका कथाको वाच्यत्व र कथनीयता", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।